गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डुम्रीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

*बैठक संख्या: १२८*
*मिति: २०८१/०३/३० को का.पा बैठक*

२०८१ असार ३० गतेको १२८औ कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु:**

प्रस्ताव नं १: म.ले.प.ले औल्याएका बेरुजु सम्बन्धमा ।

प्रस्ताव नं २: तारानगर स्वास्थ्य चौकीमा चिकित्सकीय स्वास्थ्य सेवा प्रदान सम्बन्धमा ।

प्रस्ताव नं ३: योजना तथा कार्यक्रमको रकमान्तर अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं ४: संघीय समपुरक योजनाको स्रोत व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं ५: क्षमता विकास योजना निर्माणको भुक्तानी सम्बन्धमा ।

प्रस्ताव नं ६: नगर दररेट कायम सम्बन्धमा ।

प्रस्ताव नं ७: खानेपानी तथा सरसफाइ व्यवस्थापन वोर्डका कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा ।

प्रस्ताव नं ८: लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं ९: अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।

**कृष्ण बहादुर राना मगर**
**नगर प्रमुख**

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner

गोरखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ईश्वरीडाँडा, गोरखा
गण्डकी प्रदेश, नेपाल

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

बैठक संख्याः १२८
मितिः २०८१/०३/३० को का.पा बैठक

**प्रस्ताव नं. १. म.ले.प.ले औल्याएका बेरुजु सम्बन्धमा ।**

निर्णय नं. १. आ.व.०७९/०८० मा म.ले.पको प्रतिवेदनले औल्याएका बेरुजुहरुका सम्बन्धमा के कसरी उक्त बेरुजु कम गर्न सकिन्छ सो सम्बन्धमा छलफल गरी आगामी दिनहरुमा बेरुजु न्युनिकरण तर्फ आवश्यक पहल गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं २ः तारानगर स्वास्थ्य चौकीमा चिकित्सकीय स्वास्थ्य सेवा प्रदान सम्बन्धमा**

निर्णय नं २ः भौगोलिक हिसावले पाएक पर्ने स्वास्थ्यको भौतिक पूर्वाधार र हालको दैनिक विरामी चापलाई हेर्दा गोरखा नगरपालिका आधारभुत स्वास्थ्य सेवालाई गुणस्तर बनाउन नगरपालिकाको स्वीकृत दरवन्दी अनुसार गोरखा नगरपालिका वडा नं. १२ मा रहेको तारानगर स्वास्थ्य चौकीमा १ जना मेडीकल अधिकृत(आठौ तह) व्यवस्थापन गरी नियमित सेवा प्रवाह गर्ने र उक्त स्वास्थ्य चौकीवाट महिनाको कम्तीमा १ दिन विशेषज्ञ सेवा प्रदान गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ३ः योजना तथा कार्यक्रमको रकमान्तर अनुमोदन सम्बन्धमा ।**

निर्णय नं ३ः आर्थिक वर्ष २०८०/०८१ मा नगर सभाबाट नगर प्रमुख र नगर कार्यापालिकालाई प्रदान गरेको रकमान्तर सम्वन्धी अख्तियारी वमोजिम विभिन्न नगरस्तरीय तथा वडा स्तरीय योजना तथा कार्यक्रमहरुमा भएको रकमान्तर तथा खर्च सम्वन्धी सम्पुर्ण निर्णयहरुमाथी छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ४ः संघीय समपुरक योजनाको स्रोत व्यवस्थापन सम्बन्धमा ।**

**निर्णय नं ४ः** गोरखा नगरपालिका वडा नं ४ को गरापानी- बानियागाउँ- पुतली वँगैचा- ज्यादुल सडक निर्माणका लागि संघीय सरकार समपुरक योजना अन्तर्गत रु १ करोड ५० लाख र गोरखा नगरपालिकाको नगर सभावाट रु ७५ लाख विनियोजन भएकोमा उल्लेखित योजनाको कार्यान्वयनको लागि संघीय समपुरक अनुदान सम्वन्धि कार्यविधि अनुसार संघीय सरकार समपुरक र गोरखा नगरपालिकावाट जम्मा गरी रु. ३ करोडको लागत अनुमान तयार गर्नुपर्ने देखिएकोले सो योजनाको लागि नपुग रकम नगरपालिकावाट व्यवस्थापन हुनेगरी स्रोत सुनिश्चतता गर्ने साथै उक्त योजना ठेक्का प्रक्रिया मार्फत कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ५ः क्षमता विकास योजना निर्माणको भुक्तानी सम्बन्धमा ।**

निर्णय नं ५ः आ व २०७८/०७९ मा नगरपालिकाको क्षमता विकास योजना निर्माणको लागि भिजन स्मार्ट नेपाल प्रा ली धादिङसंग रु. पाँच लाखमा सम्झौता भइ क्षमता विकास योजना निर्माण भएको र सो रकम गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानबाट यस नगरपालिकाको विविध खर्च खातामा



कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

रकम निकासा भइ आएकोले सम्झौता वमोजिमको रकम भिजन स्मार्ट नेपाल प्रा ली लाइ भुक्तानि दिने निर्णय गरियो ।

**प्रस्ताव नं ६: नगर दररेट कायम सम्बन्धमा ।**

निर्णय नं ६: गोरखा नगरपालिका नगरकार्यपालिकाको कार्यालयले खरिद सम्वन्धी कार्य गर्दा मिति २०८१ असार ३० गते जिल्ला दररेट निर्धारण समिति गोरखाले आर्थिक वर्ष २०८१/०८२ को लागि निर्धारण गरेको जिल्ला दररेटलाइ नै नगर दररेट कायम गरी योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७: खानेपानी तथा सरसफाइ व्यवस्थापन वोर्डका कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा ।**

निर्णय नं. ७: खानेपानी तथा सरसफाइ व्यवस्थापन वोर्डको मिति २०८१/०१/२८ गते वसेको वैठकको निर्णय नं. ५ मा गोरखा नगरपालिकाको नियमित कामको जिम्मेवारीका साथै खानेपानी तथा सरसफाइ व्यवस्था वोर्डको सचिवालयमा रही वोर्डसंग सम्वन्धित कार्यहरु सम्पादन गर्न अतिरिक्त समय समेत खटनु पर्ने भएकोले तपशिल वमोजिमका कर्मचारीहरुलाइ बोर्डको सचिवालयमा थप जिम्मेवारी दिई शुरु तलब स्केलको २५ प्रतिशत मासिक प्रोत्साहन भत्ता खानेपानी तथा सरसफाइ व्यवस्थापन वोर्डको कोषवाट उपलब्ध गराउने भनी भएको निर्णयलाई अनुमोदन गरी वोर्ड वैठकवाट निर्णय भएको मितिदेखि कार्यान्वयन गर्ने निर्णय गरियो ।

तपसिल

१.वोर्डका कार्यकारी अधिकृत - १
२.पूर्वाधार शाखा प्रमुख - १
३.लेखा शाखा प्रमुख - १
४.प्रशासन शाखा प्रमुख - १
५.कार्यालय सहयोगी - १

**प्रस्ताव नं ८: लेखा समितिको प्रतिवेदन सम्बन्धमा ।**

निर्णय नं ८: गोरखा नगरपालिकाको लेखा समितिले यस कार्यपालिकामा पेश गरेको लेखा तथा वित्तीय व्यवस्थापन सम्वन्धमा पेश गरेको प्रतिवेदन उपर छलफल गरी अनुमोदनको लागि आगामी नगर सभामा पेश गर्ने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत

Scanned with CamScanner

**प्रस्ताव नं ९: अनुगमन समितिको प्रतिवेदन सम्बन्धमा ।**

निर्णय नं ९: गोरखा नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा संचालित योजना तथा कार्यक्रमहरुको नगर स्तरीय अनुगमन समितिले विभिन्न मितिमा अनुगमन गरी भुक्तानि सिफारिस गरेका योजना तथा कार्यक्रमहरुको विषयमा पेश गरेको प्रतिवेदन उपर छलफल गरि अनुमोदन गर्ने निर्णय गरियो ।

कृष्ण बहादुर राना मगर
नगर प्रमुख

प्रमुख प्रशासकिय अधिकृत



Scanned with CamScanner